रसुल हमजातोभ
(दागिस्तान)

## दुई थोपा आँसु

टप्किए दुई थोपा आँसु कविका गालामा
छचल्कियो एक थोपा दायाँ र अर्को बायाँमा
एक खुशीको, अर्को दु:खको;

स-साना शालीन यो दुई थोपा आँसु
शक्तिहीन छन् अलग-अलग, तर मिले यी दुई भने
तिनबाट एउटा अनुपम कविता बन्दछ;
मेघनादपश्चात् बादल बनेर बर्षिन्छ ।

## सारस

मलाई लाग्छ कुनै विगतका केही सैनिक
रक्तरञ्जित मैदानबाट फर्केनन् कि
माटोमा मिलेनन् कि ती हाम्रो धर्तीमा
र परिणत भए सेता सारसहरूमा ।

तिनीहरू आज पनि त्यस सुदूर अतीतबाट
उड्दै-उड्दै सदा हामीलाई बोलाइरहेछन्
शायद त्यसैले हामी प्राय: उदास नयनले
हेर्दै-हेर्दै नीलो आकाश मौन रहन्छौं ।

आज यस गोधूलिमा
तुवाँलोभित्र म सारसहरू देखिरहेछु
उडिरहेछन् ती लाम लागेर
मानौं कुनै बेलाका धर्ती-पुत्र हुन् ती ।

उडिरहेछन् ती पार गर्दै आफ्नो लामो बाटो
र बोलाइरहेछन् लिएर कसैको नाम
कतै यसैले त होइन सारसको यो मधुर गीत
बन्दै आएको छ युगौंदेखि अवार भाषाको मीत ।

उडिरहेछन्, उडिरहेछन् ती क्लान्त पन्छी
मेरा मित्र, मेरा सच्चा आफन्त
र यिनका पङ्क्तिमा छ एउटा सानो रिक्तता

शायद, यसै ठाउँमा उड्नु मेरो नियति !

समय आउने छ, र म पनि यिनै सारसहरूका साथ
उडेर जानेछु त्यही अथाह नील-गगन पारी
अनि बोलाउनेछु आकाशबाट चराको बोलीमा
सबै जसलाई छोडेर आएको छु धर्तीमा ।

## वन्दना

नीलो पहाडमाथि जब चढाइ गर्नेछौ
र आकाशको करतलध्वनि पाउने छौ;
सुन्नेछौ जब नदीको प्रवाहमय गीतमा
त्यही राग जुन शाश्वत छ यस धर्तीमा;
देख्नेछौ जब चीलले आकाश चक्कर लाएको
र पहाडी पाखामा भेडाहरू उक्लिँदै चरिरहेको;
जागृत हुनेछ इच्छा मनमा धर्तीको गर्ने वन्दना
यसअधि कहिल्यै नगरेको पूजा र अर्चना ।

जब क्षितिजमा जलधि देख्नेछौ
सूर्यको स्वर्णिम रक्तिमाले पहेँलपुर-
मोटो सलेदोले बलेको दियोजस्तो
दिनको प्रकाश अन्त भएजस्तो;
फेरि देख्नेछौ डुब्दै गरेको सूर्य सागरमा
र विलीन भएको सागरका विशाल लहरहरूमा;
तिमी नतमस्तक भएर शुरु गर्नेछौ मनवन्दना
यसअधि कहिल्यै नगरेको पूजा र अर्चना ।

वृद्ध औँलाहरूले दाढी सहलाएको
माताहरूले आफ्ना शिशुहरूलाई सस्नेह बोलाएको;
निर्धक्क बालकले स्तनपान गरिरहेको !

धर्ती र आकाशले जब तिमीलाई प्रेरित गर्छन्;
जीवन-गीत बज्ने दृढ इच्छा जागृत हुन्छ-
पाइलाहरू टक्क अडिन्छन् र फुट्नेछ कण्ठ-वन्दना
नसुनेको भए पनि पहिले कसरी गरिन्छ अर्चना ।

फाजू अलिएभा

## तिमी टाढा हुँदा

जब तिमी टाढा जान्छौ
र म एक्ली घरमा;
मेरा नयनमा देखापर्छन्
सागरका नीला लहरहरू ।
यस्तो लाग्छ,
तिमीसँग असीम प्रेम गरेर
अलग्याउन सकिन तिमीलाई मैले
अथाह सिन्धुबाट ।

जव तिमी टाढा जान्छौ
र म एक्ली घरमा;
त्यस बेला प्रायशः मेरा नयनमा देखिन्छन्
अग्ला हिमाच्छादित पर्वत-शिखर ।
यस्तो लाग्छ,
अलग्याउन सकिन तिमीलाई मैले
यो अग्लो पर्वतबाट ।

म कृतज्ञ छु
अथाह सिन्धुप्रति ।
र यी शब्दहरू
उसैलाई समर्पित छन्:
धन्यवाद तिमीलाई
तिम्रा गरम-गरम लहरहरूलाई
जुन मेरा प्रियतम जस्तै
निरन्तर सलबलाइरहन्छन् ।

म कृतज्ञ छु
अग्लो पर्वतप्रति ।
र यी शब्दहरू
उसैलाई समर्पित छन्:
धन्यवाद तिमीलाई
तिम्रा उत्तुङ्ग शिखरलाई
जुन मेरा प्रियतमजस्तै
अग्लिरहेछन् निरन्तर-निरन्तर ।

मुस्ताइ करीम
(बाश्कीर स्वशासित क्षेत्र, रसिया)

## नबोलाओ मलाई ए पहाडहरू !

(रसुल हमजातोभलाई समर्पित)

नीला सुदूर पहाडहरू हो ! मलाई नबोलाओ
नबोलाओ पर्वतहरू, अब मलाई नबोलाओ !
घाटीमा बाँचिरहेछु म यहाँ सुखैले
आइन भनेर पर्वतहरू, दुःख नमाने है ...

सूर्योदय हुन्छ यहाँ अलिक अबेर सधैँ
जान्छ त्यो अस्ताचलमा अलिक सबेर सधैँ
छरेर गोधूलि यहीँ वरिपरि
अबेरसम्म नदेखाई कुनै हडबडी ।

सुख र सन्तोषले किन पो मात्तिनु !
जीवन-दौडबाट किन हो म आत्तिनु ?
बतासले पनि गर्दैन आँट यहाँ
स्पर्श गर्न मेरा श्वेत केशहरू ।

पर्वत-शिखरबाट टाढा यस घाटीमा
गर्दै कल्पनाको सयल वायुपङ्खी घोडामा
स्नेह र शालीनताले छु म भरिपूर्ण
जसबाट कुनै बेला भएथेँ अपूर्ण ।

नबोलाओ पर्वतका नीला क्षितिजहरू
नलोभ्याओ उच्च आफ्ना हिमशिखरले
काटिरहेछु यसै घाटीमा दिन म आफ्नो
शान्त यस वातावरणमा उल्लास भावले ।

त्यहाँ पर्वतको छातीमा थियो मेरो पथ
जल र भू-स्खलनले भयो सारा चौपट....
चिनो छोडिए हिमनदीलाई जे जति जवानीमा
ती सबै छन् लुप्त हिमकै गर्भ-गृहमा ।

विषम पर्वतीय जीवन साह्रै भयानक
गोरेटो सकिन्छ खाल्डामा अचानक
चुकिदिँदा एक कदम मात्रै मृत्यु हुने निश्चित
खबर मात्र फर्किनेछु, मानिसबिना जीवित ।
यहाँ आराम छ !

तर मनकै कुरा खोलौँ भने
अघाइसकेछु यहाँको एकाकी जीवनले पनि !
बिदा, घाटीहरू ! लगेँ म लौ अब
शैल-प्रपाततिर, पर्वत-प्रदेशतिर !....

## नबी हाजरी
(अजरबैजान)

### बहार

कविजस्तै बहार आयो
        मिर्मिरे बिहानीमा
र शीर्षक लेखियो
        'उषा'

नदीका किनाराहरू
चट्टान स्पर्श गर्दै लीन भए :
पहिलो पङ्क्ति के लेखूँ ?
फेरि निश्चय भयो :
जति छन्, सबै पुराना छन् !
फेरि सूर्यमा कलम डुब्यो
र किरणका नीवले कविता शुरु भए
पहाडहरूका
घाटीहरूका
वगैँचा र मैदानहरूका ।

सूर्योदयको दिव्य क्षणमा
सपाट झाडीहरू
शीत-स्नान गरिरहेछन् ।
हेर्दा-हेर्दै पहाडी पाखामा
सूर्य-किरणहरू आक्रमण गरिरहेछन् ।
हरिया पात या फूल जे लिए पनि-
यी सब मेरा मीत
वसन्तकै हुन् गीत !

मौनताजस्तो
छ कुनै अर्को भाषा ?
प्रत्येक टुक्रा-टुक्रीका
आ-आफ्नै आवाज !
प्रत्येक पतझड-पत्रमा
आफ्नै आकर्षण र प्रेम छन्
आफ्नै विचार र उदासीनता छन् ।

ध्यान दिएर सुन
जलधारा बगेको;
मन दिएर हेर
टाढा ताराहरू बलेको ।
बिनाकारण जल कलकलाइरहेको छैन
बिनाकारण ताराहरू बलिरहेका छैनन् ।

मेरो चाहाना छ-
सबैले सुनून् मलाई,
देखेर मलाई
सम्झना आवोस्
पहाडी पवनको
सागर-गर्जनाको ।
म प्रकृतिलाई सुनिरहेको छु ।
म मौन छु ।
म ऊ जस्तै
सत्यंवद हुन चाहन्छु ।
शिर निहुऱ्याएको
सजग मृगले जस्तो
ममाथि दृष्टि दिइरहेछ
स्वयं दिव्य प्रकृति ।

यौवनाहरू
नदीमा ओर्लिरहेछन्
सजाएर गग्री
आफ्ना सुन्दर बाहुहरूमा
र टाढा कतै गुञ्जिरहेछ
निर्मल उच्छ्वास जस्तो
कसैको गीत
धर्तीको प्रीत ।

प्रकृति
आकाशमा चील बनेर उडिरहेको छ
पात-पतिङ्गरका मर्मरमा
त्यो बोलिरहेछ ।
स्वर्णिम घामको किरणजस्तै
निर्मल र तेजस्वी
सुन्दर छ प्रकृति
तर मानिसबिना
बिचरो त्यो अनाथ छ ।

रसुल रजा
(अजरबैजान)

## मभित्र वसन्त

खुला झ्यालमा उभिएको म
र कोठामा भरिपूर्ण घाम
शीत ओभाइसकेको छ
जसरी वाचाल अतिथि
पारेर आतिथ्थलाई लाचार
खोपेर हाडहरू
बन्दछ अनुदार ।

वसन्त जुन आइरहेछ
लाग्छ, यो प्रथम ध्वनि हो
एउटा अपरिचित गीतको
जुन यथार्थ होइन
र यथार्थ पनि हो,
स्वप्न हो
तर यथार्थको
सजावट हो ।

फक्रिँदै गरेको कोपिला
हावामा नाचिरहेका
लच्किन्छन् कमजोरीले
र पनि बिदाइ दिन्छन् शीतलाई ।

उनीहरूका लागि यही पर्याप्त,
यो शकुन, अस्पष्ट !
खुशियाली छ अहिले
अदृश्य त्यस
वसन्तागमनबाट ।

झरुन् आकाशबाट वर्षाका लोलाहरू
तर म खुशी छु
मभित्र वसन्त छ ।

## धर्तीको वेदना

र आजको रात पनि फेरि त्यसै बित्यो ;
यद्यपि म स्वस्थ छु,
बिच्छ्यौना मुलायम छ
र भुइँदेखि छतसम्म
नीरवता छ ।
एक दिन
यस्तै नीरवतामा
चुपचाप बाटो लाग्नेछ मेरो हृदय-मीत ....
छैन, मलाई यसको कुनै पीर छैन
न रात बित्यो भन्ने पीर
न दिन बित्यो भन्ने पीर
यिनीहरू सब पछाडिनेछन्-
मलाई त सुत्न दिएका छैनन्
मानवीय पीडा
र धर्तीको वेदनाले ।

## मिखाइल लेकोनिन

(रुस)

## सुत, ए मेरा बन्धुहरू ! सुत

सुत, ए मेरा बन्धुहरू हो ! सुत
आराम गर ।
        तिमीहरू थाकेका छौ ।
विश्राम लेओ प्रेम र हडबडीबाट ।
लोलाएका छन् तिम्रा नयनहरू
        सन्ध्याकालीन पुष्पहरूले ।
काम धेरै गरिसक्यौ, हात गलिसकेका छन्,
        लोलाएका छौँ
        झप्किरहेछन् पलकहरू
र थाकेर हृदय शोक र हर्षले
        सुस्त-सुस्त धड्किरहेछ ।
सुत, ए मेरा बन्धुहरू ! सुत
        सुनसान रात छ अहिले,
हताशिनु पर्ने छैन-
        दिन जब आँखा खोल्छ, फेरि सजीव बनौला ।

सुत, ए मेरा बन्धुहरू ! सुत ...
यो रात छ अद्‌भूत सुखद,
        आराम गर;
जोडेर राता ऐडीहरू
पंजाको  भरमा म घिस्रिरहेछु
र पनि म आनन्दविह्वल छु
मलाई सम्झना आइरहेछ ,
कसरी रङ्गीन भएर निदाउने गर्छ पेरिस
निदाउँछ मार्सेल्ज विख्यात खाडीमा ।
तिम्रो पनि मलाई सम्झना छ प्राग-
        मीठो छ तिम्रो सपनी ।
उर्लिंदै आइरहेछन् ती रातहरू
        दिल्ली र रङ्गूनका ।
ताडमा शिर अड्याएर कसरी
        सुत्ने गर्छ सजग हनोई ।
र नोम-पेन्ह थाकेर सूर्य-गुञ्जनले
सुत्ने गर्छ चउरमा धर्तीको सौन्दर्य लिई ।
थाइलैण्डमा
        कसरी लोलाउँछ श्याम,
कसरी मौन निदाउने गर्छ पौडिरहेको बजार/रात बन्दरगाहमा ।
“चुपचाप ! चुपचाप !”
कर्णपटमा गुञ्जिन्छ सुस्त ध्वनि-
“रक्षा गर मानिसहरू, यस भव्यताको ! ...”
सपनी झुल्दै थिएँ हेलसिन्कीमा
        अहिले बलात् उभिँदै छु बरफमाथि ।
हिँडिरहेछु मृगझैं होशियार ... होशियार ...
स्मृतिको छालमा लहरिँदा
कसरी पेकिङमा
        रातभरि नीद भागेको थियो टाढा ... टाढा
शायद, तिमी सुत्यौ कि ! मास्को अञ्चलमा
सुत, मेरी प्रिया !
आफैमा अडेसा लागेर सुत !
म विचलित छु
        सौन्दर्य
        र दयालुपनले ।
क्षमा गर तिमी मेरो यस सिमान्त छट्पटीलाई ।
भोल्गालाई फेरि मनभरि सिँचेको छ तारापुंजहरूले,
यहाँ यो निरीह गाउँमा, निद्राको समय हो यो !
छोरी अनास्तासिया देखिरहेकी होली मलाई सपनीमा

सुस्तरी-सुस्तरी-
प्रातकालसम्म नउठाऊ उसलाई
सुत, मेरा बन्धु-बान्धव, ओढेर बिहानी-सपना
विश्राम गर
फेरि कर्म गर्नलाई
फेरि खेल खेल्नलाई
बाँधेर डोरीले दूरगामी रकेट
बालकका हरिया गुब्वाराहरूझैँ
मौलाउँदै जाओस् बालाजीवन अन्नबालीहरू,
आँखाहरू खुलुन्
अन्धकारमा होइन
दिनको सजीव प्रकाशमा ।
सुत, ए मेरा बन्धुहरू ! सुत
विश्राम गर ।
तिमीहरू थाकिसकेका छौ ।
विष नघोल एक-अर्काको जीवनमा ।

## र फर्किरहेछु स्वर्यतर्फ

तिमी सान्त्वना होइनौ
न हौ आभूषण ।
म आभारी छु तिमीप्रति आजीवन ।
तिमी ज्योति हौ
या नवजीवन,
शब्द भेट्टाउन सकेको छैन अहिलेसम्म ।
तिमीले देखायौ मलाई धर्तीको सौन्दर्य
र भोल्गाको धार मोडिएको छ मेरो हृदयसम्म ।
तिमीले मुस्कान र स्नेहका
उपहारस्वरुप दुई पखेटा दियौ मलाई ।
मेरो ज्योति,
म सधैँ ध्यानमग्न छु-यसबारे ।
के गरेको थिएँ र मैले देख्न सकेँ
प्रज्वलित तिम्रा नयनहरू
र ज्योतिर्मय तिम्रो ललाट ।
हातमा लिन्छु तिम्रो क्षीण हत्केला-
धन्यवाद तिमीलाई जीवन !
आह्वान छ मेरो :

        जाऔँ
हिमतालमा कटिसम्म डुबिरहेको
        कष्टप्रद समयमा
र घुँडासम्म फूलहरूको
        मधुर ग्रीष्ममा ।
तिमी पलायन होइनौ,
न त महान आदर्श ।
तिमी क्षमा पनि होइनौ, अँध्याराबाट भागेकी ।
अहँ, तिमी त हौ मेरो महान् निश्चय-
माया गर्न
र मायाको सहभागी हुन यस धर्तीमा ।
अहिलेसम्म साहस छैन तिमीमा दृष्टि दिने
तर अब
फुलिरहेको छ मेरो भाग्य ।
हाँसिरहेछु
दृढ भइरहेछु
र स्पष्ट आकार लिइरहेछु
र फर्किरहेछु
        स्वयंतर्फ ।

## अनातोली सोफ्रानोभ

(रसिया)

## सबै शुरु हुन्छन् तिमीबाटै

सबै शुरु हुन्छन् तिमीबाटै :
हरेक दिवस, मेरो हरेक विचार ।
प्रभाती मिर्मिरे किरण बनेर ।
झ्यालभित्र जून पसिरहेछ
वसन्तका साथमा -
सबै प्रारम्भ हुन्छन् तिमीबाटै !

जहाँ होऊँ जुनसुकै धर्तीमा;
मानिसहरूबीच अजीव-अजीव
जटिल प्रश्नहरू जहाँ उठे पनि ;
तिमी छौ मेरो साथ ... र छ तिम्रो हेराइ
बेहिसाब मधुर र स्नेहालु-
मानौँ युगौंयुगदेखि ती थिए मेरा साथ
उस्तै अपार्थिव र अपरिवर्तनशील ।

सबै प्रारम्भ हुन्छन् तिमीबाटै :
मेरो शिरलाई नै लेऊ तिमी-
सेतो कपाल, तर भरिपूर्ण तिमीबाट;
त्यहाँ बस् एउटा तिमी छौ, केवल तिमी !

दु:खी  छौ मेरो दु:खमा तिमी
हर्षित छौ  मेरो सुखमा तिमी-
रागको उतार-चढाव
र प्रकाशहीन वातावरण
सबै प्रारम्भ हुन्छन् तिमीबाटै !

मेरो मृत्यु र पुनर्जन्म सारा
तिम्रै हातमा अङ्कित छन् ।
सत्ता जुन केवल तिम्रो हातमा छ;
कस्तो सौभाग्य त्यो एक्लै छ !
यो सेतो दिन, यो नीलो आकाश
सबै प्रारम्भ हुन्छन् तिमीबाटै
अनि सबै समाप्ति तिमीबाटै ।

## मिर्जा तुर्सुनजादा
(ताजिकस्तान)

## के छ तिम्रो माग ?

स्वीकार्य छ तिम्रो अनुशासन
भन अब के छ तिम्रो माग ?
एउटा गीत गाऊँ, तिमीलाई सुनाऊँ,
अरु के छ भन तिम्रो माग?
तिम्रो नाममा लेखिदिएँ मैले
जे थियो मसँग-
जीवन आफ्नो, मरण आफ्नो;
भन के छ तिम्रो माग ?

तिमीलाई थाहै छ, दासहरू छन् सधैं तत्पर
गर्नलाई एउटा-एउटा विद्रोह,
कारागरका दण्डीहरू तोड्नलाई,
सारा बन्धन खोल्नलाई;

साँगुरो घाटीबाट
प्रवाहित धारजस्तो
मुक्तिको चाहना गर्दै
मैदान छुन पुग्ने उन्मुक्त प्रवाहजस्तो ।

म पनि एक गुलाम हुँ
आफ्नो भाग्य आफै कोर्दा रमाउने
तर तिमीबिना के को मुक्ति !
रहनुपरोस् दास नै ।

यस धर्तीबाट यसै हराऊँ
वा गरुँ कुनै कीर्तिको आश
तिमीबिना स्वस्थ किन रहूँ !
बरु वनुँ रोगकै शिकार ।

तिमीप्रति सदा अटल मेरो निष्ठा
भन अब के छ तिम्रो माग ?
म तिमीबाट अविभाज्य छु
भन, अरु के छ तिम्रो माग?

प्रत्येक प्रेमीको आफ्नै छ प्रेम-पथ
र भिन्नै छ प्रेमको आफ्नो स्रोत;
धन्य प्रेमभरि नाम तिम्रो;
भन के छ तिम्रो माग ?

सुयुनाबाइ एरालिएभ
(किर्घिजिया)

## इस्सिक्-कूल[1]

इस्सिक-कूल आत्मा हो
मेरो प्रिय मातृभूमिको ।
जुनेली धर्तीमा अन्तिम बिदाइको क्षण
समर्पण गऱ्यो कसैले यो इस्सिक-कूललाई
आफ्नो पवित्र आत्मा
र मायालु जीवन
अनि शब्द बिदाइको .....

इस्सिक-कूल एक प्याला हो
भरिपूर्ण
आँसु र पीडाका आवाजहरूले ।
यो सदा गतिमान् छ ।
यसका गहिराइमा
जन्मिने लहरहरू
टकराउँछन् किनाराहरूमा
अमर आत्माजस्तै ।
र तिनलाई भेट्न उडने गर्छन्
आश्चर्य चकित बोलः
"हेर, कस्तो तरङ्ग !"
तर कसैलाई थाहा छैन
यी भारी लहरहरू लिखित पङ्क्तिजस्तै
अनन्त इतिहास हो हाम्रो धर्तीको ...
मेरा बन्धुहरू !
नीला लहरहरूलाई
जुन तिम्रा पाउ चुम्न आउँछन्
श्वेत फिँजको पछ्यौरा ओढेर
बोलाइरहनू सप्रेम तिनलाई
कविको आत्मा सम्झेर ....

---

[1] *किर्घिजियाको एउटा सुन्दर ताल*

## कवि रुस्तावेलीका स्मृतिमा केही कविता

इराक्ली आवाशीद्जे
(जर्जिया)

### सलीब मठछेउको आवाज

धर्महीन छु म-
किन ममाथि
यस्तो आरोप लगाउँछौ,
आफ्नो कर्मको फल
पाउने नै छु-
किन धम्की दिएको
मलाई तर्साउन,
मेरा पाप-अपराधहरूको
जब तिमीलाई छ पूरा ज्ञान
ए ! सूलीमा टाँगिएका
तिमी मेरा पावन भगवान्
तिमी-
प्रकाश हौ अन्धाकारमा
विशेष प्रयत्नका साथ
टाढा आकाशबाट
मुक्त हातले
ल्याइएको यस धर्तीमाथि
यस संसारको विशाल आँगनमा ....
तिमी, प्रकाश हौ अन्धकारमा
त्यहाँ-यहाँ
जहाँसुकै पनि
एउटै रुप, तिमी सर्वव्यापी
गहिरो आस्थाले हुन्छ
यस धर्तीमा तिम्रो पहिचान
ए, मेरो भगवान् !
पहिलो उच्छ्वासदेखि
अन्तिम क्षणसम्म
मस्त यौवनदेखि
ढलिरहेको तनसम्म
तिम्रा सबै आदेशहरूलाई
मैले मानेँ
तन-मनले एक तिमीलाई नै

सवै ठानेँ ।
जे छ मभित्र
फुलेको छ फलेको छ
मेरा कर्म र शब्दहरूमा
जे छ पाएर
रुप, ढलेको छ
त्यो पनि
मभित्र मुर्झाएर
फुल्न नपाएको
फूल
यी सबको बीउ
तिमीले नै त छरेका हौ
जसरी सम्भव भयो
तिनैलाई मैले सदा सम्हाल्दै-पाल्दै आएको छु
तिम्रो परम शक्ति
सत्ताको
आभारी छु-
कीट-पतिङ्गर होइन...
जनावर होइन
हुँ म मानिस ...
लामो जीवन-यात्रामा मैले
सारा विघ्न-बाधाको तूफान
झेल्दै आएको छु
मनका शंकट र भूलहरूको
अन्तःपाएको छु निदान ।

सबै नियमभन्दा माथि छ
सन्देश तिम्रो ...
तिम्रो दयाको पोखरीमा
म पनि प्रतिपल
पौडिरहेछु ।

बुद्धि, विवेक, चेतना-
यिनलाई दिएँ सर्वोच्च स्थान मैले
यसमा कुनै अपराध मानिन;
किनभने सारा जीवनहरूमा
मावन मात्रलाई
मिलेको छ चेतना-वरदान !

तिमीले चाह्यौ म विवेक-द्धार बन्द गरुँ
शिर झुकाउँदै जाऊँ
घुँडा टेकूँ
पुष्प-गुच्छा चढाऊँ
किन्तु शब्दमा परिणत मेरा
आफ्ना भावहरूकै अघि
मैले शिर झुकाएँ,
सारतत्वमा
आफ्नै विश्वास बाँचे ।

र तिम्रा
विचारका अग्लाइहरूमा
यदि म मानव थिएँ भने
र तिम्रा
निर्दोष दृष्टिमा
मेरा दोषहरू ओझेल छैनन्
सत्मार्गमा ।

दूराचार होइन, सदाचार देखाऊ
तिमीले त यही नै सिकायौ
पाप-अपराधबाट तिमीले
मलाई बचायौ
सत्मार्ग देखायौ
ब्रह्मलोकको
रहस्य यो मलाई बतायौ-
'तिमीभित्र तिम्रो
ईश्वर विराजमान ...'
फेरि पनि केही भूल भयो
मबाट भने
यदि मेरो भगवान्
मेरा पाप र अपराधहरूको
तिमीलाई भयो होला
त्यही क्षण
पूरा-पूरा ज्ञान;
किनकि तिमी नै छौ तत्वज्ञानी
तिमी सर्वज्ञ महान् ।
थाहा छैन
तिमीले प्रशंसा गर्नेछौ
मेरो, अथवा तिमी
मसँग झोक्किने छौ

केवल तिम्रो एउटा अदालत
जसका अगाडि म
उभिएको छु नतमस्तक
शिरोधार्य छन् निर्णय तिम्रा
ए, निर्णयक
भाग्य-विधाता !
सर्वोच्च न्यायाधीश तिमी
यसैले त मैले पनि तिमीबाट
भगवान्, केही आशा गरेको छु
यदि, मैले -
एकसाथ सुख-दुखको
तिमीलाई गराउनु थियो भने रसपान
म त केवल यही चाहन्थेँ
यही माग्थेँ तिमीसँग वरदान–
मुक्त होस्-बुद्धिका अंकुरहरू !
मुक्त होस्-विचारका उडानहरू !

मन्द प्रार्थना र भजन–गुञ्जनमा
यही स्वरले सुर पाएको छ
कतै यस्तो नहोस् यसकारण
मेरो भगवान् !
हरदिन बितिरहेछ बेचैनीमै !

फेरि पनि मेरो यस स्वरलाई
सुरबिहीन सम्झेर
किन लिन्छौ तिमी
ए, मेरो भगवान् !
पाप-पुण्यमा अन्तर नै के छ
कम्तीमा यति त तिमी सम्झाऊ !

देव !
बरु, भर्त्सना गर न मेरो....
धेरै टाढाबाट
थकित-थकित
दुःख-पीडाबाट जर्जर
छटपटिँदै
तिम्रै शरणमा आएको छु
घुँडा टेकेर
शिर निहुर्‍याएर
यही याचना चढाउँछु

सुख-दुःख
आशा-आकाङ्क्षाका
शाश्वत नाममा
क्षमादान
पाऊँ तिमीबाट ।
धर्महीन छु म
किन ममाथि
यस्तो आरोप लगाउँछौ,
आफ्नो कर्मको फल
पाउने नै छु-
किन धम्की दिएको
मलाई तर्साउन,
मेरो पाप-अपराधहरूको
जब तिमीलाई छ पूरा ज्ञान
ए ! सूलीमा टाँगिएका
तिमी मेरा पावन भगवान् ! !

## सलीब मठको आवाज

“विलीन भएँ म ...
विलीन भएँ ....
अर्थात्
पथको अन्त्य जहाँ थियो
त्यसभन्दा अगावै
घना धूलिकण
ठोस रुप लिई
प्रकट भयो ....

व्यथित आत्मा मेरो
सम्पूर्ण पुरियो
चिहानमा
वा अस्तित्वहीनताले त्यो
सशक्त
नवजीवनमा प्रवेश गऱ्यो ?
छरिएका छन् कि प्रकाश-पुञ्जहरू बाटाभरि
वा अँधेरी छाएको छ ?
झरिरहेको छु कि म फेदीतिर
वा आकाशको उडान उडिरहेछु ?
यो प्रगति हो या अवनति ?
रुँदैछु या म गाउँदै छु ?
म स्वतन्त्र छु
अर्थात् यस मानव-धर्तीमा
बन्दी बनेर
व्यर्थको जीवन बाँचिरहेछु ?...
कि टल्कियो तलाउ टाढाबाट
या अघि नै अँध्यारियो ?...
कि बन-गुलाब वैलायो
या अझ सुन्दर बनी
त्यो मुस्कुरायो ?
भुलेछु कि मैले यस संसारलाई
या
सम्झेर फेरि यसैमा
म डुब्दै गएछु ?
सपनीमा होइन, विपनीमै
सुखद ग्रीष्मको; के म हरियाली पाउँछु ?

अर्थात्
सृष्ट्रिको कुनै सिर्जनासँग
नतोडौँ कि मैले नाता ?
मेरो पूजा र अर्चनामा
के कमी देख्यौ तिमीले ?
अर्थात्
पराई शक्ति ठानेर
सत्ता तिम्रो खण्डित भयो ?
कस्तो परिबन्द पऱ्यो ममाथि ?
भन मलाई
किन अपराधी ठान्छौ ?
कि यसैले त होइन
कहिलेकाहीँ यो भावमय हृदयको
लगाममा
संसार हिँडिदिन्न ?

तर तिमीले नै त हो मभित्र प्रतिभाहरू उमारेर
आरोह हिँड्न सकेको
नव-दीप जलाएर मेरो हृदय-कुनामा
मेरो चिन्तन र अन्तर्दृष्टिलाई
तिमीले नै त हो प्रखर बनाएको ? !
या शायद जीवन-सत्यमा
म स्वयं अन्धो भएँ
यो पनि सम्भव छ
मेरा पाप र आपराधहरूमा
कतै तिमी अँध्यारियौ (कि) ? !
र तिम्रो आँगनीमा
ए, मेरो स्रष्टा,
न्यायमूर्ति, शुभचिन्तक !
मेरा यी आवेशका
वेगमय ज्वाला सारा
लागिरहेछन् भारी-भारी....

हो, कायरता....
बस्, यही मेरो अपराध
ईश्वर र कानुनका अघि
मैले शिर झुकाइरहेँ
पछुतो पिई पिल्सिरहेँ
किन यी सब पापहरू
मैले व्यर्थमा बलझाइरहेँ !

रह्यो अर्कै जीवन-शैली
जुन मेरा शब्दमा गुञ्जिरह्यो
बन्यो अर्कै ध्येय सदा नै
साथी मनको
बन्यो अर्कै लगन हृदयमा
हरपल त्यसले घेरिरह्यो...

प्राप्ति के भयो आफ्नै भाग्यबाट ?
कि ऐश-अट्टालिका लक्ष्य बने ?
कि कुनै अधिकारको माग गरेँ ?
या
विद्रोही स्वरमा कुनै गीत गाएँ ?
अथवा मेरो अन्तरमनमा
जागा रह्यो कुनै दैत्य ?
कि उसले नै मलाई हँसाइरह्यो
कि उसले नै मलाई दुखाइरह्यो
कि अरुमाथि मैले आफ्नो
हुकुम चलाएँ ?
गरेँ कि कुनै किल्लाको निर्माण
या फेरि, कुनै शहर भत्काएँ ?
मैले आफ्नो कुनै ताजले
शिरको शोभा बढाइन
केवल चिन्तन-मननमा
कैयौँ रात त्यसै बिताएँ...
गर्थें चिन्तन मानवताकै लागि आफैभित्र हराउँदै-हराउँदै
मानव-भाग्य कहिल्यै मैले
न बिगारेँ, न बनाएँ ।

दुर्भाग्य हो या
सौभाग्य
बनिरहेँ सदा प्रेम-पुजारी
अनि यही सत्यलाई
सर्वस्व ठानिरहेँ ।

यदि यही मेरो अपराध हो
र, यही मेरो असह्य पाप हो भने
तिम्रो किञ्चित दया पनि चाहिएन
बरु, स्वीकार्य छ सिमान्त सजाय ।

थकित-थकित छ तन-
मन्द हुँदैछ धड्कन
यात्राको यस अन्तिम प्रहरमा
आइपुगेँ तिम्रै सामु ;
जर्जर मेरो मन
सबै बिसाएँ तिम्रै सामु ।
चिहानमा उभिएर केही सोधिरहेछु म-
कहाँ भ्रामित भएँ, कहाँ सही
या भूल-भूलैयामा नै यो जीवन
हरेक क्षण मेरो बितिरह्यो ?
उभिएको छु यहाँ चिहानमाथि
यथार्थ पिउन आतुर
भनिदेऊ-खुशी कुन हो मेरो
र कुन हो पीडा निष्ठुर.....
आफ्नो जीवन-यात्रामा मैले
जानेरै हारेँ, जानेरै जितेँ ।
कहाँ छ
  सुन्दर
    मृदुल ऋतु मेरो ?
कहाँ छ शिशिर
      शित, हिमानी ?
युगयुगान्तर.......
तिमी स्वीकार यो आवाज
ओ ! जगदीश्वर !
शिर निहुराएर
तिम्रै सामु
गारिरहेछु वन्दना !"

## जैतूनवागको आवाज

“जन्मभूमि स्वर्गभन्दा गरिमामय ;
सत्य लाग्यो यो आवाज
म स्वीकार गर्छु
अपराध मेरो यही हो भने
जे मिल्छ पीडा
त्यो म पिउनेछु
न्यायपूर्ण प्रभू, सजाय देऊ मलाई
यसमा तिम्रो
छ पूर्णाधिकार;
किनकि देशको सूर्य, सम्पदा
अनि प्रकाशमा
ज्योतिर्मय ईश्वर मैले पाएँ
प्रत्येक दिन जाज्ज्वल्यमान ।
बर्सोस् नभबाट पानी अविरल
वा शहर-बस्तीमा
छाओस् हिम-तूफान
यी सबमा म
जन्मभूमिकै देखूँ
मान र सम्मान ।
ए, प्यालेस्टाइन !
बस्यो आस्था तिमीमा मेरो
विश्वास झन गहिरियो
यिनै शब्दमा गर्दै पूजा
आत्मामा प्राण जे भरिन्छ
दिन्छ पुष्प-प्रकाश
तिम्रा उच्च पर्वतहरू
झिल र घाटीहरू
सबैको माया
मैले पाएको छु भने
तिमीमै मैले
मेरो हृदय, मान, सम्मान
र धड्कनसमेत
सबै चढाएको छु;
प्यालेस्टाइनमा पनि यसैका लागि
समाधि बस्दैछु ।

मेरो आस्था !
जसरी तिमीले मलाई 'म' बनायौ
जुन-जुन रङ्गहरू ममा मिलायौ
कुनै समय जे दान दिएथ्यौ
उज्यालो-अँध्यारो
जीवन-पथमा
कयौँ उकाली-ओराली हिँड्दा
प्राप्ति-अप्राप्तिमा
जुन ज्ञान मलाई मिलेथ्यो
ती सब
जन्मभूमिको बेदीमा
सजाएको छु
श्रद्धा- पुष्पसमान ।

मेरो प्यारो देश जर्जिया
फुलेको छ सदा-सदा
मेरो मनको फूलबारीमा
शब्द तिम्रा, तर पूजनमा
जन्मभूमिकै
बस्यो मनमा बास ।

सबै शब्दमा
शब्दकै सङ्गीत
सदा झङ्कृत हुन्थे
जर्जियाको आकाशमा
जन्मभूमिकै
लक्ष्मणरेखा कोर्थें ;
किनकि मातृभूमिको आकाशमुनि
दास-भाग्य पनि
मीठो लाग्छ
पीडाको गहिराइमा पनि
अपार हर्ष अनुभूत हुनछ ।

ए प्यालेस्टाइन !
जर्जियाको पद-छापलाई
पछ्याउँदै-पछ्याउँदै
'आफ्नो माटोको कल्याण होस्'
हरपल केवल यही पुकार्दै
आएँ तिम्रै समीप ;
थाहा छ -

देशबिनाको अमरता
चुँडिएको जीवनधारजस्तो हुन्छ ।
यसैले त
जीवनको यस अन्तिम प्रहरमा
प्यालेस्टाइनमा, प्यालेस्टाइनमा
विगत बल्भिन्छ मनभरि
चैन छैन एकैपला पनि
आँखा हुन्छ केवल पानी-पानी
स्पर्श गर्दा मेरो धर्तीलाई
सारा अँध्यारा भाग्छन्
टाढा पर्वतहरूमा
तालहरूमा
गुञ्जिरहेछ
मीठो सङ्गीत बनेर ।
जब तिमीप्रति नतमस्तक हुन्छु
तिम्रै काखमा आफूलाई पाउँछु
परिचित हेराइ
परिचित अनुहार
छायासरि पछ्याइरहन्छ
प्यालेस्टाइनको मठ नै मेरो
अन्तिम आश्रम बनेको छ
देशकै लागि
उसकै मुस्कानका लागि
श्रद्धा-सुमन अर्पिरहेछु ।

## सेतो कोठाको आवाज

**“हरेक दिवसको साधारण शब्दमा होइन**
**रक्तिम अश्रुधारा  बगाउँदै**
**देवालयको पूजाझैं**
**गाइरहेछु स्तुति तिम्रो”**
**शोटा रुस्तावेली**

को थियो तिमी तमारा
आह र उफ बोकेकी
जसले
आँखाका डिलहरूबाट
अनवरत अश्रुनदी बगायो
के थियो वेदना तिम्रो ?
को थियौ तिमी तमारा ?
देवीतुल्य थियो
प्रकाश थियौ तिमी
जसले शनैः शनैः जलेर
आफैलाई मेटाउँदै समाप्त पार्‍यो ।
जीवनरुपी धरा
क्षितिजमा ।

थियौ तिमी दिवाकर
मध्यान्हको ज्योति थियौ ?
थाहा छैन ........
यति मात्र थाहा छ मलाई
तिमी थियौ अकिञ्चन
सत्य थियौ तिमी
अन्तरआत्माको आवाज
हृदयको धड्कन
अन्तहीन उच्छ्वास
र पीडाभरिको आह थियौ तिमी
अथाह आँसुको सागर ।
जसै तिमीले आँखा चिम्लियौ
त्यही घडी, त्यही क्षण
अन्त भयो मेरो जीवन-यात्रा
घेरियो आत्म अँध्यारोमा
प्रेम-भावना सदा-सदाका लागि

लुप्त भयो, मेरो मनमा ।
स्नेह गयो, दीप निभ्यो
भष्म भयो ज्वाला मनको ।

यदि म जीवित हुँदो हुँ
र मेरो आस्था हुँदो हो भने
पवित्र, कञ्चन त्यो सुन्दरतामा
जोश, सिद्धिको तत्परताले
केवल माया झङ्कृत हुने थियो
जीवनको हरक उच्छ्वासमा
म त जिउँथेँ केवल मायामा
केवल मायामा ।

आत्मामा यदि मेरो
लक्ष्य कोरिएको हुँदो हो जीवनको
जसरी खोपिन्छ सूत्र
धातुपत्रमा
कुनै पावन धर्मको
त्यहाँ पनि माया मात्र अङ्कित हुने थियो
मेरो जीवन-लक्ष्य, सारमा
म त जिउँथेँ केवल मायामा
केवल मायामा ।
र अन्तिम श्वाससम्म
हिँडिरहन्थेँ जीवन-पथमा
गर्थेँ कैयन व्यवहार सुन्दर
हृदयको अमीट जोशमा
सिर्जना मेरो सीमित हुन्थ्यो
केवल मायाको भरमा
म त जिउँथेँ केवल मायामा
केवल मायामा ।

कसलाई थाहा
कहाँ कुन ठाउँमा बसेको छ सत्य
कुन महलमा
कुन भवनमा
कुन गुफामा
वा कुन सदनमा ?
यही त हो त्यो गुण म पापीले
ठेस लगाइने जुन उसलाई;
किनभने म जान्दछु, सत्य त

बसेको छ मायाको आँगनीमा ।

के हुँ अब म ?
त्यही सुराही न हुँ
खाली बनेको छ जुन भोजमा
बज्दै टनटन, अतिथिहरूले
पिइसकेका छन् रस जसको,
वा त्यो शिर वृक्षको
जसलाई पर्वतको ढुङ्ग्यान शिखरबाट
काटेर तल फ्याँकिएको छ
निर्ममताका साथ, गहिरो जराबाटै
को हुँ र म ?
त्यही शिलाखण्ड न हुँ
जुन पहिरो गएको पर्वतले
कुनै खाल्डोमा लगी पुरिएको छ ।
कसरी हुन्छ आत्म जीवित
जब मेरो काया छ थकित-थकित ।
मेरा संचित शक्ति सबै
निभिसकेको छ अब ।

चिरिएको छातीमा मेरो
अब सुस्तरी हृदय पनि धड्किदैन
विस्तारित मौन आकाश
                    धरा
अन्धाकार बनेर
        छाइरहेछ जडमा
जीवन-तटमा उभिएको छु
अँध्यारो निश्चल
चिहान अगाडि
कति वाक्कलाग्दो
        कठिन मेरो
        अन्तिम मञ्जिल ।

न शब्द मसम्म अब आइपुग्छ
सुनिदै ती मानिसहरूका
जसले मलाई
धर्महीन, कर्महीन भने
मैले त तिमीलाई
हृदय, मायाको फूल चढाएँ
हाय, कति निर्दयी तिनीहरू

आफ्नै आरोपमा लज्जास्पद !

तिमीमा जस्तै
ममा पनि त
शक्ति बाँकी रहेन तमारा
प्राण त्याग्नेछु, यहीँ कतै म
सुनसान रातको बाटोमा;
चिरनिद्रामा सुत्नेछु
बिना चिहानको कुनै चिहानमा ;
विलीन हुनेछु सदाका लागि ।

बग्दै जाओस् नदी समयको
यात्रा उसको
कायम रहोस्
गुञ्जन सुनियोस् घण्टाको
पूजा,
देव-वन्दना वाणी
शताब्दी
नयाँ पुस्ताहरू आऊन्
हरेक दिन महकियोस्
नयाँ जवानी
ती सबमा मेरो
अनजान एउटा स्थान रहोस्
को थियौ तिमी तमारा
आह र उफ बोकेकी
जसले
आँखाका डिलहरूबाट
अनवरत अश्रुनदी बगायो
के थियो वेदना तिम्रो ?
को थियौ तिमी तमारा ?
देवीतुल्य थियौ
प्रकाश थियौ तिमी
जसले शनै : शनै : जलेर
आफैलाई मेटाउँदै समाप्त पाऱ्यो ।
जीवनरुपी धरा
क्षितिजमा ।

## गलगोफ छेउको आवाज

लौ अब आएँ
म, गलगोफ, तिम्रै समीप
ए, मेरो भवान्, !
लौ अब आएँ
म, गलगोफ, तिम्रै समीप
जहाँ तिम्रो दिन डुबेथ्यो सूलीमा
जहाँ मिलेको छ मलाई प्रकाश
म, गलगोफ, तिम्रै समीप ।
म-मेरा जर्जियाली जनताको
पावन प्राणवायु
समर्पित एक जर्जियाली
जसमा तिमीलाई छैन विश्वास ।

म-सुकेको बिरुवा
हरियाली पत्रबाट
वञ्चित
तर क्रसमा टाँगिएको तिम्रो तन
यस्तो लाग्छ
सञ्चित, अर्जित दिव्य छटा बाँड्दै
सदा रहनेछ ।
तिमी सूर्य हौ
सूलीमा टाँगिएको
क्रुद्ध हातहरूबाट
बलात्कृत
तर म ज्योतिहीन सूर्य-छाया
दण्डको लागिसमेत
अयोग्य अभागी ।

केवल तिमीलाई
केवल मलाई
ज्ञात हामी दुईलाई मात्र
सूलीको आनन्द अपार,
आह !- आँसुको धर्तीवासी
भन्छन् यसैलाई अन्तिम पीडा
ठान्छन् यसैलाई विष-घडा,
ज्ञात हामी दुईलाई मात्र
यसको आनन्द अपार ।

म कीट हुँ
म पापी
दयाको भीख मागिरहेछु
फैलाएर तिमीसम्म आफ्नो हात
तर तिम्रो आव्हान सुन्ने
त्यो मै हुँ मेरो नाथ !
मैले जस्तै अरुले
सुन्यो कि तिम्रो मनको गीत ?
तिमी-सबैका मनका मालिक
मेरो भगवान्,
सारा भेदको तिमीलाई छ ज्ञान
तर तिम्रो मनको गीत
मैले जति अरु कसले सुन्यो ?
मलाई भेट्ने को छ अर्को ?
को छ उच्च निश्छल मनको
लिई नम्रता म भन्दा चर्को ?
महान प्रेरणाका आधार
अनुभूति पाइरहेछु
तिम्रो हृदयको गहिराइबाट
आफ्नो हृदय-तार छोइरहेछु ।

दिनको प्रखर मध्यान्हमा
डढेलो लाग्छ जब वनमा
कसले बुझ्ने त्यसबेला
छाया नै हो जीवन सार
त्यस्तै तिमी
अजर-अमर
किन फेरि खोजिहिँड्यौ
मेरो भगवान्,
हरपल मधुर मृत्यु-अभिसार ।

मैलेभन्दा कसले बुझ्ने
तिम्रो अन्तर अवाज
अँध्यारोलाई जसले पार्‍यो
उज्यालो दिनको प्रकाश
र माया गर्‍यो सूलीलाई नै ?
खुला गगनको ब्राह्य-आदेश
दिन्छ जन्मैदेखि उपहार
ज्ञान, शक्ति र विवेक ।

यो तुच्छ सूली के हो र ?
प्रवल इच्छाको ज्वालाअघि
सबै छ यसमा
आकाश-पानी
धूलिकण र पृथ्वी खरानी ।

के सूली सम्मान होइन
उसका लागि वरदान होइन र ?
जसले सम्झ्यो जीवनमा
छैन निहित सुखको मूल

हामी सत्यका पुजारी
भड्किरह्यौं यस कै लागि
सांसारिक गहिराइमा पुगी
सत्य-सेवामा तत्पर बन्यौं
तर म धर्तीको तुच्छ जीव-कण
पाप र सुख-दुःखको 'नश्वर',
तिमी त निष्कलङ्कको प्रतिमूर्ति
शक्ति-सिन्धुका अनन्त कीर्ति ।

दुष्टहरूले कुल्चेका थिए
तिम्रो मस्त यौवन
तर म मजनु बनेर मरुभूमिमा अहिले
गर्दैछु बुढ्यौलीको अभिनन्दन
मेरो लागि
सत्यबिनाको
न बाटो छ कुनै
न सुख छ कुनै
बन्यो विकल जुन मन अतीतमा
त्यै सत्यका लागि आज तड्पिरहेछ ।

राम्रो के छ र यहाँ ?
रहस्यमय .....
यस नश्वर देहको
आदर्श मैले के भेटेँ र ?
आखिर रह्यो एउटै आस्था मेरो
जसका लागि यो आत्मा
कहिले तड्पियो, कहिले भड्कियो
तर , खै लक्ष्यका क्षितिजहरू ?

के पाएँ  र मैले ?
के त्यो क्षितिज मैले भेटेँ
निभिरहेछ मेरो जीवन
निकट भयो अन्तिम क्षण
अब यात्राको हुन्छ समापन
तिम्रै अगाडि हाजिर छु
ए, मेरो भगवान् !

## प्यालेस्टाइनको जर्जियाली चर्मपत्रमा एक अज्ञात अभिलेख

रुस्ताबेलीले अन्तिम सास लिए यहाँ....
दश दिन
दश रातसम्म हरपल
छतबाट आकाश नियाले
अन्तिम पलपूर्व, मानौँ
आँखाभरि लिन चाहे
सिङ्गो आकाश
तर भएन सम्भव
धेरै ठूलो थियो
विस्तृत आकाश ।

रात-दिन कसरी
तैरिदै गयो ?
भोकै-प्यासै
पल-पलमा उनको ऊर्जा
धीमा श्वासमा कसरी निभ्दै गयो ?
आकाशतिर
थकित-थकित दृष्टिहरू
बिच्छ्याई अटल आस्था
र अथाह विश्वास सँगाली
मनभित्र उनको
माया बस्यो ।

छरपष्ट केशराशि
श्वेत वश्त्रजस्तो
दाडी मानौँ
हिउँजस्तो

यही, यही ठाउँमा
नाघे उनले
सीमान्त अस्तित्व
लामो श्वास
र निभेको शिखा
दीपको ।
दीपकको अन्तिम उज्यालोमा
सर्वप्रथम उनीमाथि
नतमस्तक भयौँ हामी
र विनयपूर्वक बोल्यौँ
"देशवासीहरूलाई
केही भन्नु छ कि
अन्तिम घडीमा
हामीलाई आफ्नो मन खोल्नु छ कि
पारिदेऊ न अन्तर्मन हलुङ्गो !

तिम्रा यी शब्दहरू
यस शून्यतामा
अँध्यारोभित्रै
यसै कतै नबिलाऊन्
पीडित तिम्रो मनलाई
केही सान्त्वना मिलोस्
जसले नील डामहरू छाडे
यस धर्तीमा
जानी-जानी कालरात्रि..."
तर उनको बोली फुटेन....
मात्र फैलिए ती आँखाहरू
मौन-मौन
मूलमै अश्रु छिपाउँदै ।

बाङ्गाटिङ्गा धुवाँका बादलहरू
छिचोल्दै
छुन लाग्यो शिरलाई अब
मेस्खेतीबाट
करतालीबाट
अर्तानुजबाट
हामी जो आयौँ
साथमा लिएर आयौँ
अति महत्वपूर्ण
जैतूनको यो नीलो हाँगो ।

“तिम्रो जन्मभूमि
घाटीको
समाचार बनेर यी थुँगा
तिम्रो पीडित मन सहलाउन”
तर उनको बोली फुटेन...
मात्र फैलिए ती आँखाहरू
मौन-मौन
अत्यन्त भावपूर्ण ।

खोल्यौँ हामीले दमस्कीन-
“पृष्ठ हो यो
जसलाई तिमीले
आफै मोडेका थियौ
यही पृष्ठको
पुस्तक-पोखरीबाट
दुखिरहेको तिम्रो पीडित मनलाई
चैन मिल्ला
शायद अलिकति !
अलिकति दृष्टि देऊन यस पुस्तकमा
जलिरहेको तिम्रो घाउ
अब बनोस् जलनमुक्त”
तर उनको बोली फुटेन....
टाढा क्षितिजमा
आँखाहरू घुमे
यस्तो लाग्यो, मानौँ
चम्किरहेछन् अश्रु-सितारा ।

जीवन-यात्राको अथक यात्रीलाई
गर्न भनेर अन्तिम अभिवादन
गोधूलिको बेलासम्म
गायौँ थूप्रै सामुहिक भजन
बिदाइका अन्तिम
पीडाहरू ओराल्यौँ ।

मौन रह्यौँ हामी त्यस क्षणसम्म
शोकाकुल, गम्भीर पादरीले
जबसम्म प्रभुका अघि शिर निहुराइरहे
ईश्वरसँग यही अनुनय-विनय गरिरहे-
“यिनका सारा पाप भूल

यिनलाई प्रभु !
आफ्नो घरमा बोलाऊ ।”
सम्पूर्ण जीवन
यात्रा-पथ
झिनो मसिनो सबै घटना
घुमिरहे आँखै अगाडि
बारंबार,
अनि उच्छ्वास निस्कियो एउटा उनको
अनि चिररिद्रामा सुते उनी
पलक भए भारी
चम्किरहेथे जसमा
अवशिष्ट अश्रुबिन्दु अझै ।

यसरी
रुस्ताबेलीले अन्तिम श्वास लिए यहाँ ....
दश दिन
दश रातसम्म हरपल
छतबाट आकाश नियाले
अन्तिम पलपूर्व, मानौँ
आँखाभरि लिन चाहे
सिँङ्गो आकाश
तर भएन सम्भव
धेरै ठूलो थियो
विस्तृत आकाश ।

कुनै बेला यहाँ उनी आएथे
दूर देशबाट
सत्य अन्वेषणको आशा बोकेर
यही भावनामा तल्लीन
वाद-विवाद गर्‍यौ कोसँग तिमीले ?
खोलेर आफ्नो मन कसलाई देखायौ ?
सीमासम्म पिएर अटल आस्था
झुमिरह्यो दृढ विश्वास, झुमिरह्यो
अमीन !

# कवि-परिचय

## रसुल हमजातोभा (१९२३)

दागिस्तानका जनकवि । यिनका पिताजी पनि अवार साहित्यका ख्यातिप्राप्त कवि थिए । १४ बर्षको उमेरदेखि रसुलका कविताहरू  स्थानीय पत्र-पत्रिकामा प्रकाशित हुन थालेका थिए । यिनले मास्को गोर्की साहित्य अध्ययन संस्थानबाट रुसी साहित्यमा स्तानकोत्तर सम्मको शिक्षा प्राप्त गरेका छन् । यिनी लोककथा र गितचतेनाका सहज कविका रुपमा चिनिन्छन् । सुक्तिमयता, सारगर्भित बिम्ब र उपमाहरूको प्रयोगमा रसुल निकै खप्पिस छन् । यिनको एक मात्र गद्य-कृति 'मेरो दागिस्तान' (निबन्ध सङ्ग्रंह) पनि अत्यन्त चर्चित छ ।

प्राप्त पुरस्कार- 'मेरो जन्मसाल' -कविता सङ्ग्रह का लागि राज्य पुरस्कार (१९५२)
'उच्च नक्षत्र' -कविता संग्रह का लागि लेनिन पुरस्कार (१९१३)

## फाजु अलिएभा (१९३२)

दागिस्तानको एउटा सुदूर गाउँमा एउटा सरकारी कर्मचारीको परिवारमा यी कवयित्रीको जन्म भएको थियो । यिनले कविता, लघुकथा र उपन्यासको क्षेत्रमा कलम चलाएकी छन् । मानवको गरिमा र मानवकर्तव्यको बोध नै यिनका कविताका मूल विषयवस्तु हुन् । यिनका रचनामा दागिस्तानको सुरम्य प्रकृतिको टड्कारो चित्रण पाइन्छ । यिनलाई दागिस्तानकी लोक कवयित्रीको उपाधिले विभूषित गरिएको छ ।

**प्राप्त पुरस्कार :** निकोलाई ओस्त्रोम्स्की पुरस्कार ।
हाल रुसको स्वशासित दागिस्तान राज्यको सांसद ।

## रसुल रजा (१९१०)

अजरबैजानका जन-कवि । सन १९३१ मा प्रथम काव्य कृति प्रकाशित । दोस्रो विश्वयुद्धताका यिनले देशभक्तिको भावनाले श्रोतप्रोत भएका कैयौँ कविताहरू लेखे । 'आक्रोस एवम् प्रेम' उनको सर्वाधिक चर्चित कृति हो ।

## अनातोली सोफ्रानोभ (१९११)

यिनका कवितामा मुख्यतः रसिया (रुस) का दोन क्षेत्रका लडाकु जाति कजाकहरूको जीवनगाथा पाइन्छ । दोस्रो विश्वयुद्धको समयमा यिनी सैनिक पत्रकार थिए । यिनी पत्रकार र कविका साथै चर्चित गीतकार पनि हुन् । उनको गीतसङ्ग्रह सबै 'शुरु हुन्छन् तिमीबाटै' निकै चर्चित छ । यिनी एक कुशल नाटककार पनि हुन् । 'एक नगरमा' र 'मास्कोबासीको चरित्र' नाटकका लागि यिनी राजकीय पुरस्कारद्धारा सम्मानित भएका  छन् । हाल यिनी 'आगान्योक' पत्रिकाका प्रधान सम्पादक र अफ्रोएशियाली लेखक संघका उपाध्यक्ष छन् ।

## मुस्ताइ करीम (१९१९)

यिनी रसियाको बाश्कीर स्वशासित क्षेत्रका चर्चित कवि हुन् । जीवन, धर्ती र जनताप्रतिको प्रेम नै यिनको काव्यको विषयवस्तु हो । यिनका कवितामा मानव-विवेक, सहजता र जीवन्त यथार्थताको प्रतिबिम्ब  पाइन्छ ।

**प्राप्त पुरस्कारः** -स्तानिस्लाभ्स्की राजकीय पुरस्कार र सलावात युलाएभ राजकीय पुरस्कार ।

## मिर्जा तुर्सुनजादा (१९११)

सुविख्यात ताजिक कवि । यिनको जन्म ताजिकिस्तानको एउटा गाउँको कालिगड परिवारमा भएको थियो । तासकेन्द शिक्षा शास्त्र अधयमन संस्थानबाट यिनले उच्च शिक्षा प्राप्त गरेका हुन् । यिनी पूर्वीय काव्यपरम्परासँग निकटबाट परिचित छन् । यसैले यिनका रचनाहरूमा शताब्दीऔं पुरानो परम्परालाई आधुनिक जीवनको विचार र गीति तत्वबाट समृद्ध पारिएको अनुभव हुन्छ ।

**प्रमुख कृतिः-** हिस्सार घाटी
भारतीय सौर्ययात्रा
हसन अराबाकश
गंगादेखि क्रेमलिनसम्म

**प्राप्त पुरस्कारः-** लेनिन पुरस्कार, जवाहरलाल नेहरू पुरस्कार र जमाल अब्देल नासर पुरस्कार ।

## नबी हाजरी (१९२४)

यी अजरबैजानका एक प्रसिद्ध कवि हुन । यिनले मास्को गोर्की साहित्य अध्ययन संस्थानबाट उच्च शिक्षा प्राप्त गरेका हुन् । यिनका १५ कृतिहरू प्रकाशित छन् । यिनका काव्यका मुख्य विषयवस्तु हुन् -देशप्रेम, प्रकृति र मानव प्रेमको गरिमा ।

## मिखाइल लुकोनिन (१९१८)

भोल्गाको तटवर्ती नगर (दक्षिण रसिया) को अस्त्राखान नगरमा जन्मेका मिखाइल लुकोनिले भोल्गाग्राद शिक्षाशास्त्र महाविद्यालयबाट उच्च शिक्षा प्राप्त गरेका हुन् । त्यसपछि मास्को गोर्की साहित्य अध्ययन संस्थानबाट यिनी प्रशिक्षित भए । एक सैनिक कविको रुपमा यिनले साहित्यमा प्रवेश गरेका हुन् । यिनका २० वटा काव्यङ्ग्रह प्रकाशित छन् । यिनमा 'शान्तिपथ', 'गीतिका',

‘निवारण’ र ‘आवश्यकता’ बढी चर्चित छन् । यिनी राजकीय पुरस्कारद्धारा सम्मानित छन् । यिनका कवितामा विशेषतः युद्ध-मोर्चाको कष्टप्रद जीवनको सूक्ष्म अनुभूति पाइन्छ ।

## सुयुनबाई एरालिएभ (१९२१)

यी किर्धिजियाका कवि हुन् । दोस्रो विश्वयुद्धको हिटलरविरोधी मोर्चाबाट यिनले लेख्न शुरु गरेका हुन् । यिनको पहिलो कविता-संग्रह हो ‘प्रथम राग’ (१९४९) । यिनी महाकाव्यसहित २० कृतिका रचयिता हुन् । मानवप्रेम नै यिनका कविताको प्रमुख विषय हो । हाल यिनी किर्धिजियाली लेखक संघका सदस्य छन् ।

## इराक्ली आवाशीद्जे (१९०९)

यी हेर्दा रसियाली कवि मायाकोम्स्कीजस्ता छन् । यी जर्जियाका सुविख्यात कवि हुन । सत्यनिष्ठा, मावनता, अतिशय सरलता, बौद्धिक चिन्तन र आफ्नै किसिमको विशेष शैलीका कारण जर्जियाली कविहरूबीच यिनको छुट्टै खालको विशेष पहिचान छ । जर्जियाका मध्यकालीन कवि शोटा रुस्ताबेलीबाट यिनी अत्यन्त प्रभावित छन् । रुस्ताबेलीको जीवन तथा मृत्यु सम्बन्धी रहस्यहरूबाट अभिभूत भएर यिनले थुप्रै कविताहरूको रचना गरेका छन् । रुस्ताबेलीको समाधिको खोजी गर्दै र उनका आवाजहरू पहिल्याउँदै यिनी जेरुशलम पुगेका थिए । किम्बदन्तीअनुसार रुस्ताबेलीलाई त्यहाँको ‘सलीव-मठ’ मा समाधिस्त गरिएको थियो । अनौठो शैलीमा यी कविले सलीव-मठमा गएर रुस्ताबेलीको विगत जीवनलाई उनकै दृष्टिमा प्रस्तुत गरेकोले यस भित्रका यिनका कविताहरू शताब्दीऔं पुरानो पर्दा चिरेर हामीसम्म आइपुगेको अनुभव हुन्छ । कविले देशभक्त रुस्ताबेलीको अन्तिम क्षणहरूको चिन्तन, संघर्ष, मनोविज्ञान र आत्मस्वीकृतिको अभिव्यक्ति यी कविताहरूमा प्रस्तुत गरेका छन् । यिनका कविताहरूमा रुस्ताबेलीको हृदयको धड्कन सुन्न पाइन्छ । यिनको ‘सेतो कोठाको आवाज’ जर्जियाली साहित्यको एउटा उत्कृष्ट प्रेमकविता मानिन्छ । यिनका चर्चित कृतिहरू हुन - ‘रुस्ताबेलीको पदचिन्ह’, ‘प्यालेस्टाइन ओ प्यालेस्टाइन’ । यिनी हाल जर्जियाली एकेडेमीका प्राज्ञ र उपाध्यक्ष छन ।

अनुवादः २०५२